"समुन्नत, सुरक्षित र वातावरण मैत्री सुन्दर शहरः सुशासनयुक्त पर्यटकीय र समृद्ध तिलोत्तमा नगर"

# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

"अन्तर्राष्ट्रिय मापदण्ड ९००१:२०१५ नगरपालिका"

प.सं.
च.नं.

## नदीजन्य पदार्थ लिलाम बिक्रीको बोलपत्र आह्वानको सूचना

सूचना प्रकाशित मितिः २०७९।०९।२०

तिलोत्तमा नगरपालिकाको तिनाउ नदीबाट उत्खनन् गरि तिलोत्तमा-४, डिङ्गरनगर क्षेत्रमा घाटगद्दि गरिराखेको नदीजन्य पदार्थ जे.जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरि राजस्व संकलन गर्नुपर्ने भएकोले ईच्छुक फर्महरुलाई देहायको शर्तको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागि हुन आह्वान गरिन्छ ।

तपसिल

| क्र.सं. | आय सूचना नं. | कामको विवरण | परिमाण घनफुट | न्युनतम कबोल अंक (मु.अ.कर बाहेक) | दरभाउ पत्र दस्तूर रु. |
|---|---|---|---|---|---|
| १ | १५।०७९।०८० | नदीजन्य पदार्थ लिलाम सकार गर्ने कार्य | १,९९,५०० | ३५,९१,०००।- | ३,०००।- |

**शर्तहरु**

१. लिलाम बिकी प्रकृयामा सहभागी हुन चाहने फर्मले यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र फर्म दर्ता प्रमाणपत्र, आ.व.०७८/०७९ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि सहितको निवेदन पेश गरि तोकिएको राजस्व तिरी लिलामी बिकीको बोलपत्र फाराम राजस्व शाखाबाट प्राप्त गर्न सकिनेछ । भने ३१ औं दिनको १२ बजे भित्र यस कार्यालयमा बोलपत्र दाखिला गरिसक्नु पर्नेछ । सोही दिनको दुई (२:००) बजे बोलपत्रदाता स्यमं वा निजको प्रतिनिधि समेतको रोहवरमा बोलपत्र खोलिनेछ । प्रतिनिधि नआए पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।

२. बोलपत्र फाराममा आँफले बुझाउन कबोल गरेको रकम अंक र अक्षरमा उल्लेख गरि सहीछाप समेत गरि सिलबन्दी रुपमा पेश गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

३. बोलपत्र फाराम साथ कबोल अंकको ५% ( मू.अ.कर सहितको) ले हुने रकम यस कार्यालयको धरौटी खाता नं.ए सि सि ए ५४९९५९९५२४०३ मा जम्मा गरेको भौचर वा यस कार्यालयको नाममा सूचना नं. र नाम उल्लेख गरि १२० दिनको म्याद सहित जारी भएको बैंक जमानत संलग्न गर्नुपर्नेछ ।

४. अधिकतम कबोल गर्ने बोलपत्रदाताले बोलपत्र सदर भएको ७ दिन भित्र प्रथम किस्ता वापत आफुले बुझाउन कबोल गरेको रकमको ५०% ले हुने रकम, प्रथम किस्ताको १३% ले हुने मु.अ.कर तथा सम्पूर्ण कबोल रकमको १.५% ले हुने अग्रिम आयकर वापतको रकम यस कार्यालयको विभाज्य कोषमा दाखिला गरेको बैंक भौचर र बाँकी किस्ता र सोको मू.अ.करको लागि मान्यता प्राप्त वाणिज्य बैंकले जारी गरेको कम्तिमा चार (४) महिना अवधि भएको बैंक जमानत समेत पेश गरि ठेक्का सम्झौता गर्नुपर्नेछ ।

५. लिलाम गर्नुपर्ने माल हाल घाटगद्दिमा जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नुपर्ने हुनाले बोलपत्रदाताले ठेक्का कबोल गर्नुअघि घाटगद्दिस्थलको निरीक्षण समेत गरी बोलपत्र पेश गर्नुपर्नेछ । पछि परिमाण वा गुणस्तरको विषयमा कुनै प्रकारको बादविवाद गर्न वा छुट वा मिनाहा माग गर्न पाईनेछैन ।

६ बोलपत्रदाताले कार्यादेश लिएको मितिले एक (१) महिना भित्र माल उठाई घाटगद्दी स्थल खाली गर्नुपर्नेछ । साथै तिन (३) महिना भित्र दाखिला गर्न बाँकी रकम समेत दाखिला गर्नुपर्नेछ । सो अवधिमा रकम दाखिला हुन नआएमा प्रचलित कानून बमोजिम बैंक जमानतबाट असुल गरिनेछ

७. बोलपत्र स्वीकृत भएपछि बोलदाताले सम्झौता गर्न नआएमा वा ठेक्का लिन मञ्जूर नगरेमा तिलोत्तमा नगरपालिकाको सार्वजनिक खरिद नियमावलीको नियम १४० बमोजिम भैजानेछ ।

८. यस सूचनामा उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

नारायण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

मणिग्राम, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल
Phone No.:071-562979, Email: tilottamamun@gmail.com, Website: www.tilottamamun.gov.np
Manigram, Rupandehi